# भौगोलिक समालोचनामा सीमोल्लङ्घनको अवधारणा

- **विवेक सार्की**
नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय

**सार -** भौगोलिक समालोचना इ सं १९९०-को दशकदेखि विशेष चर्चामा आएको एउटा साहित्यिक अध्ययन पद्धति हो। बर्ट्रान्ड वेस्टफललाई यसको प्रवर्तक मानिन्छ। उनीद्वारा लिखित **जियोक्रिटिसिज्म : रियल एन्ड फिक्सनल स्पेसेस्** पुस्तक भौगोलिक समालोचनाको प्रमुख पुस्तक हो। कालस्थानिकता, सीमोल्लङ्घन र सान्दर्भिकता भौगोलिक समालोचनाका तीनवटा प्रमुख आधारहरू हुन्। प्रस्तुत शोध पत्रमा तीमध्ये सीमोल्लङ्घनको मात्र चर्चा गर्दै त्यसको प्रयोग र प्रकृतिको अध्ययन गर्ने प्रयास गरिएको छ। सीमोल्लङ्घनले साहित्यिक पाठमा प्रयुक्त स्थान र त्यसको अवकाशलाई कसरी हेर्दछ र त्यसको अभिप्राय के हो भन्ने कुराको चर्चा प्रस्तुत शोध पत्रमा गरिएको छ। प्रस्तुत शोध पत्र बर्ट्रान्ड वेस्टफल, हेनरी लेफेब्भ्रे, एड्वर्ड सोजा र मिसेल फुको जस्ता अध्येयताहरूका स्थान सम्बन्धी सिद्धान्तहरूमा आधारित छ। प्रस्तुत शोध पत्रले सीमोल्लङ्घनलाई अवकाशीय, कालस्थानिक, आख्यानात्मक तथा सामाज सांस्कृतिक सीमाहरूलाई अस्थिर वा तरल पार्ने बहुआयामिक प्रक्रियाका रूपमा प्रस्तुत गरेको छ।

**बीज शब्द** - भौगोलिक, सीमोल्लङ्घन, स्थान, समय, अवकाश, इतिवृत्त।

## १ परिचय

इ सं १९९०-को दशकदेखि चर्चामा आएका भौगोलिक समालोचनाको अवधारणा भौतिक भूगोलको आञ्चलिक अध्ययन पद्धति र मानव भूगोलबाट विकसित भएको पाइन्छ। यो भौतिक भूगोल, मानव भूगोल, समाज विज्ञान, मानविकी जस्ता ज्ञानानुशासनका क्षेत्रहरूसँग अन्तर्सम्बन्धित रहेको अध्ययन पद्धति हो। यसले साहित्यमा प्रयुक्त स्थान वा भौगोलिक अवस्थान र त्यससँग सम्बन्धित समाज, संस्कृति, धर्म, इतिहास, परम्परा आदि मानव सम्बन्धका विविध पक्षहरूको अवकाशीय अध्ययन गर्दछ। अध्येताहरू इ सं १९३९-देखि १९४५-सम्म दोस्रो विश्वयुद्धमा भएका मानव संहार, प्रकृति विनाश र शीतयुद्धसँगसँगै बढ्दै गएको आणविक सङ्कट तथा विज्ञानको विस्फारित विकासले गर्दा जनमानसमा नैराश्य भाव, आर्थिक विषमता, भौगोलिक क्षेत्रगत भिन्नता, मूल्य मान्यताको विघटन जस्ता परिस्थितिहरूको फलस्वरूप अवकाशीय अध्ययन परम्पराको थालनी भएको मान्छन्। भारतीय भूगोलविद् आर डी दीक्षित भन्छन् "दोस्रो विश्वयुद्धदेखि भूगोलवेत्ताहरूले अञ्चल वा आञ्चालिकताको अवकाशीय अध्ययनमा पनि जोड दिएका छन्" (आर डी दीक्षित, इ सं १९९८)। यसै सन्दर्भमा भौगोलिक समालोचनाका अध्येता शिला हन्स भन्छिन्- "नब्बेको दशक यता साहित्यिक समालोचक तथा अध्येताहरूले एकातिर अवकाशको अध्ययन गर्न थाले। अर्कातिर भूगोलविद्हरू साहित्यिक पाठमा भूगोल वा स्थानको प्रतिनिधित्व कसरी गरिएको छ भन्ने प्रश्नको पछि लागिपरे" (शिला हन्स, इ सं २०१२)। इ सं साठीको दशकदेखि साहित्य अध्ययनको नवीन पद्धतिका रूपमा सांस्कृतिक अध्ययन, बहुकेन्द्रीय आवधारणासित अस्तित्वमा आएको देखिन्छ। यही सांस्कृतिक अध्ययनकै एउटा शाखाका रूपमा भौगोलिक समालोचनाको अवधारणा पनि विकसित भएको पाइन्छ। यो एउटा अन्तर्विषयपरक अवकाशीय अध्ययन पद्धति हो। यसले स्थान, समय र अवकाशबारे विमर्श गर्दै साहित्यमा भूगोलको मूल्य र महत्त्व निर्धारण गर्दछ।

## २ विषय प्रवेश

भौगोलिक समालोचना अध्ययन पद्धतिको मुख्य केन्द्र साहित्य वा पाठमा प्रयोग गरिएको स्थान हो। साहित्य वा पाठमा प्रयोग गरिएको स्थान काल्पनिक वा यथार्थ जुनै पनि हुन सक्छ। यहाँ स्थान भन्नाले एउटा स्थिर टुङ्गो वा ठाँउ अथवा पाठको पृष्ठभूमि मात्र बुझिँदैन। भौगोलिक समालोचनामा स्थानलाई भूगोल, संस्कृति, धारणा तथा साहित्यिक प्रस्तुतिद्वारा संरचित बहुआयामिक, गतिशील संरचना मानिन्छ। भौगोलिक समालोचनाको स्थानका सन्दर्भमा एरिक प्रिएतो लेख्छन्- "कुनै पनि क्षेत्र तबसम्म एउटा स्थान बन्दैन जबसम्म त्यहाँ मानिस आएर अर्थपूर्ण सम्बन्ध स्थापित गर्दैन" (प्रिएतो, इ सं २०२१)। अर्थात् मानव बसाइँ तथा समाजद्वारा स्थापित अनि सञ्चालित सांस्कृतिक, धार्मिक, राजनैतिक, ऐतिहासिक अनि लोकजीवन जस्ता विभिन्न आयामहरूले एउटा भौगोलिक सीमा क्षेत्रको भूसंरचना, प्रकृति अनि जलवायु अनुकूल सम्बन्ध स्थापित गरेपछि मात्र उक्त क्षेत्रलाई एउटा अर्थपूर्ण स्थानका रूपमा लिइन्छ।

उल्लेखित विषयवस्तुको अध्ययन गर्नाका निम्ति भौगोलिक समालोचनाका तीनवटा प्रमुख आधारहरू छन्। कालस्थिनकता अन्तर्गत कृतिमा प्रयुक्त स्थानसँग सम्बन्धित समयको अस्थायित्व र त्यसको अवकाशको अध्ययन पर्दछ। अवकाशको स्वरूप मुख्यत: मूर्त (भौतिक, नैतिक तथा देखिने) र अमूर्त (काल्पनिक, मानसिक, परावास्तविक आदि) मानिन्छ। सीमोल्लङ्घन अन्तर्गत कृतिमा प्रयुक्त तिनै काल र अवकाशद्वारा भएको मूर्त- अमूर्त रूपमा कुनै पनि भौतिक, नैतिक तथा मानसिक सीमा उल्लङ्घनको अध्ययन गरिन्छ। कृतिमा प्रयुक्त कालस्थानिकता र सीमोल्लङ्घनलाई मूल्याङ्कन गर्ने अन्तिम आधार सान्दर्भिकता हो। कृतिमा प्रयुक्त स्थान र त्यसको भौगोलिक परिवेश, पशुप्राणी, प्रकृति, मौसम, मानव समाज, भाषा, संस्कृति, धर्म, राजनीति आदिद्वारा निर्देशित विषय नै सान्दर्भिकताको मुख्य उपकरण हो। यसले इतिवृत्तात्मक संसार र यथार्थ संसारमाझ सम्बन्ध जोड्ने काम गर्दछ। भौगोलिक समालोचनामा कालस्थानिकता, सीमोल्लङ्घन र सान्दर्भिकता अन्तर्सम्बन्धित भए तापनि यस शोध पत्रमा सीमोल्लङ्घनको मात्र चर्चा गरिन्छ।

अङ्ग्रेजी शब्द ट्रान्स्ग्रेस वा ट्रान्स्ग्रेसनको अर्थ नेपालीमा उल्लङ्घन हुन्छ। ट्रान्स्ग्रेसिभिटी शब्दले सीमा उल्लङ्घन गरिएको भाव बुझाउँदछ तर यस अध्ययन पत्रमा सन्दर्भ अनुसार सीमोल्लङ्घन शब्दको प्रयोग गरिएको छ। अङ्ग्रेजीको ट्रान्स्ग्रेसन अनि नेपालीको सीमोल्लङ्घन दुवै शब्दले 'आदेश, कानुन इत्यादिद्वारा स्थापित सीमा नाघ्नु, मर्यादा उल्लङ्घन गर्नु आदि हुन्छ (लोहनी अनि अधिकारी, इ सं २०१२)। **बृहत् नेपाली शब्दकोश** अनुसार 'सीमा वा हदभन्दा बाहिर पुग्ने काम' (पराजुली, २०७२, पृ १२८०)। **प्रयोगात्मक नेपाली शब्दकोश** अनुसार सीमा नाघ्ने काम, मर्यादाको उल्लङ्घन (अधिकारी, २०१३, पृ १४६६) भन्ने समान अर्थ प्रदान गर्दछ। सीमोल्लङ्घन भन्नाले अवकाशीय, भौगोलिक, मानसिक, आध्यात्मिक वा इतिवृत्तात्मक कुनैमा पनि एउटा निश्चित स्थान, स्थिति वा क्षेत्रदेखि अर्कोतिर जाने गतिशील कार्यलाई जनाउँदछ। सीमोल्लङ्घन त्यस बेला हुँदछ जब कसैले वा कुनै पनि स्थितिले विभिन्न सङ्घ संस्था वा समाजद्वारा निर्मित मर्यादा वा सीमा काटेर जाँदछ। कालस्थानिकता, सीमोल्लङ्घन र सान्दर्भिकता परस्पर सम्बन्धित घटकहरू हुन्। बर्ट्रान्ड वेस्टफल भन्छन् 'समयले प्रगति बोकेको हुन्छ र समय प्रगति गर्न बाध्य छ। स्थान वा अवकाश एउटा रित्तो भाँडा हो जहाँ समयले गरेको प्रगति भरिँदै जान्छ' (वेस्टफल, २०११, पृ ३३)। स्थान आफैमा एउटा अवकाश हो। समयको प्रवाहसँगसँगै हुने प्रत्येक सामाजिक, राजनैतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक, प्राकृतिक, कृत्रिम, मानसिक तथा परावास्तविक आदि घटनासँग मानिसको सम्झना, इतिहास, संस्कृति तथा परम्परा आदि पनि जोडिएका हुन्छन् जसले आफ्नो आफ्नो अवकाश निर्माण गर्दछ। यस क्रममा अवकाशको प्रभाव अति व्यापक हुन्छ वा सीमित भएर जाँदछ। दुवै अवस्थामा अवकाशद्वारा व्यतीत समयको एउटा अवधिभित्र भएका घटनाहरूले उक्त स्थानको क्रमिक इतिहास निर्माण गर्दछ। तिनै घटनाहरू साहित्यमा प्रतीकका रूपमा प्रयोग हुँदा अवकाशका विभिन्न परिचयहरू अघि आउँदछ। त्यसले

युगौँसम्म उक्त अवकाशलाई प्रतिनिधित्व गरिरहँदछ। जस्तै प्राचीन कालका ग्रन्थहरू वेद, पुराण, उपनिषद् आदिले तत्कालीन समय, समाज र दर्शनको कालक्रमिक इतिहास प्रस्तुत गर्दछ। आजका कृत्रिम बौद्धिकताको समयसम्म पनि ती ग्रन्थहरू अस्तित्वमा रहनु वा अवकाशको प्रतिनिधित्व हुनु भनेको ती ग्रन्थहरूद्वारा भएको अवकाशीय सीमोल्लङ्घन हो। 'भौगोलिक समालोचकीय सीमोल्लङ्घन बहुविषयपरक अवधारणा हो जसले अवकाशका विभिन्न तहगत व्याख्या गर्न सक्छ।' (ओनेर अनि बल, २०१५) रामायण, महाभारत, बाइबल जस्ता ग्रन्थहरूले मूल कथासँग सैयौँ प्रासङ्गिक कथाहरू पनि प्रस्तुत गरेका छन्। ती प्रासाङ्गिक कथाहरूले ल्याएका विभिन्न विषयगत घटनाहरू सबै साना ठुला अवकाशहरू हुन् जसले एउटा ग्रन्थ रूपमा बृहत् अवकाश सिर्जना गर्न सहयोग पुऱ्याएको छ। भौगोलिक समालोचनाले ती ग्रन्थहरूको धार्मिक, दार्शनिक, आदर्श, नैतिक, राजनैतिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, पराभौतिक, ऐतिहासिक अस्तित्वलाई कालस्थानिक सीमोल्लङ्घन मान्दछ र ती ग्रन्थहरूका विषयअनुसार तहगत अध्ययन गर्दछ। सीमोल्लङ्घनको यसै प्रकृतिका सन्दर्भमा बर्ट्रान्ड वेस्टफल लेख्छन्- 'सीमोल्लङ्घन एउटा यस्तो सीमा नाघ्ने कार्यसँग सम्बन्धित छ जसको स्वतन्त्रता सीमान्तसम्म फैलिएको हुन्छ (वेस्टफल २०११, पृ ३४)। उनी अझ भन्छन्- आँखाले देखेसम्म, अनुभूति गरेसम्म र विचार र विश्वास गर्न सकेसम्म सबै अवकाश हुन्। कुनै पनि अवकाशको सीमा यहाँसम्म र अहिलेसम्म मात्र हो भनेर भन्न सकिन्न। यो अनिश्चित र अनन्त छ। यसमा समयको महत्त्वपूर्ण भूमिका रहन्छ। बर्ट्रान्ड वेस्टफल, रोबर्ट ट्याली, शीला हन्स, यु फी तुवान, माइकल फोकल्ट, एरिक प्रिएतो जस्ता भौगोलिक समालोचनाका अध्येताहरूले सीमोल्लङ्घनका विभिन्न प्रकारले चर्चा गरेका छन्। यद्यपि उनीहरूले सीमोल्लङ्घनका प्रकारहरू छुट्ट्याएर प्रस्तुत गरेका छैनन्। अध्ययन सुविधाका निम्ति उल्लेखित अध्येयताहरूद्वारा प्रस्तुत सीमोल्लङ्घनका अवधारणाहरूलाई निम्न प्रकार विभाजन गरेर प्रस्तुत गरिएको छ।

### इतिवृत्तात्मक सीमोल्लङ्घन

परम्परागत इतिवृत्त वा साहित्यिक पाठले रेखीय वा आदि मध्य र अन्तका शैलीमा कथानक प्रस्तुत गर्दछ। यद्यपि आधुनिक तथा उत्तरआधुनिक साहित्यिक रचनाहरू भने खण्डित, रेखीय शैली वा खण्डित समय, बहुआयामिक दृष्टिकोण अनि आत्म प्रतिबिम्बन शैलीमा प्रस्तुत गरिएका हुन्छन्। अर्थात् कथन शैलीको परम्परामा आदिमा परिचय वा घटनाको आरम्भ, मध्यमा घटना र त्यसको प्रभाव अनि अन्तमा घटनाको सुखान्त वा दुःखान्त प्रतिफल विपरीत आधुनिक/ उत्तरआधुनिक साहित्यिक पाठ खण्डित रेखीय शैली, खण्डित समय जस्ता शैलीमा प्रस्तुत गरिएका हुन्छन्। उदाहरणका निम्ति पूर्वदीप्ति शैलीमा प्रस्तुत गरिएका रचनाहरूलाई लिन सकिन्छ। रोलाँ बार्थको मत अनुसार "साहित्यिक पाठहरू स्थिर संरचना मात्र नभएर बहुअर्थ र सङ्केतकहरूको प्रणाली हो।" उनी अझ भन्छन्- "साहित्यिक पाठ विभिन्न सांस्कृतिक स्रोतहरूबाट लिइएका उद्धरणहरूको कोशिका (टिस्यु अव् कोटेसन्स) हो जसले इतिवृत्तात्मक संरचनालाई परम्परागत सीमा वा स्वरूप नाघेर जान दिंदछ (रोल्यान्ड, १९७७)। यस्तै प्रकारले न्यारेटिव डिस्कोर्समा जेर्राड जेने भन्छन्- "पाठ वा इतिवृत्तको समय सधैँ क्रमानुसार बहँदैन। पूर्वदीप्ति, उत्तरदीप्ति जस्ता कथन शैलीका माध्यमद्वारा इतिवृत्तले पारम्परिक समयानुक्रम तोड्दछ त्यसैले यहाँ इतिवृत्तात्मक सीमोल्लङ्घन हुँदछ (जेने,१९८०)। परम्परागत लेखन शैली तथा संरचना विपरीत प्रयोगात्मक लेख, खण्डित समय, बहुविषयपरक दृष्टिकोण आदि शैलीमा पाठ प्रस्तुत गरिँदा इतिवृत्तात्मक सीमोल्लङ्घन हुँदछ। यस्तो प्रकारको लेखनले पाठकलाई वास्तविकता र कल्पनामाझको सीमारेखा नाघेर विचार विमर्श गर्ने मार्ग प्रशस्त गर्दछ। यसका निम्ति गुरुप्रसाद मैनालीको 'परालको आगो' कथा र इन्द्रबहादुर राईको 'कठपुतलीको मन' कथालाई तुलनात्मक रूपमा लिन सकिन्छ। 'परालको आगो' कथा परम्परागत शैलीमा लेखिएको तत्कालीन लोग्ने स्वास्नीको सम्बन्ध प्रतिबिम्बित भएको इतिवृत्त हो भने 'कठपुतलीको मन' आजको समय सान्दर्भिक लोग्ने स्वास्नीको सम्बन्ध र समाज प्रतिबिम्बित इतिवृत्त हो। प्रस्तुत 'कठपुतलीको मन' कथाले पारम्परिक कथन शैलीसँगै पहिलेबाटै अस्तित्वमा रहेको 'परालको

आगो' कथामा बाँचेको समय, स्वरूप र पारम्परिक संरचना तोडेर सीमोल्लङ्घन गरेको पाइन्छ। बर्ट्रान्ड वेस्टफल भन्छन्- "जब साहित्य वा इतिवृत्तले यथार्थ र काल्पनिक अवकाश खुट्ट्याउने सीमा पार गर्दछ तब साहित्यिक अवकाश गतिशील र बहुआयामिक बन्दछ (वेस्टफल, २०११, पृ ३४)। यस अर्थमा यथार्थ समस्यालाई काल्पनिक समय र अवकाशमा प्रस्तुत गरिएका मोहनराज शर्माका **वैकुण्ठ एक्सप्रेस** नाटकलाई इतिवृत्तात्मक सीमोल्लङ्घनको उत्कृष्ट उदाहरणका रूपमा लिन सकिन्छ (शर्मा, वि सं २०४२)। **वैकुण्ठ एक्सप्रेस** नाटकमा परिवेश रचनाको अहम् भूमिका रहेको देखिन्छ। नाटकभित्र प्रस्तुत वैकुण्ठ एक्सप्रेस मिनी बसदेखि लिएर गौँडा खानतलासी, निद्रानगर, अन्धो गुफा, कल्पनालोक, लीलानगरी र पशुपुर सबै नाटकभित्रका परिवेशका रूपमा आएका छन्। यात्राको साधनदेखि लिएर यी सबै स्थान र परिवेश स्वैरकाल्पनिक छन् (अधिकारी, २०१७)। यस अतिरिक्त पात्र विधान, विषय, घटना आदि सबै नै स्वैरकाल्पनिक रहेको उक्त नाटकले परम्परागत नाटक लेखनको सीमा उल्लङ्घन गरेका हुनाले यसलाई इतिवृत्तात्मक सीमोल्लङ्घन मान्न सकिन्छ।

'सीमोल्लङ्घनले अवकाशीय, सांस्कृतिक अनि पाठात्मक वा इतिवृत्तात्मक सीमा नाघ्ने कार्यलाई जनाउँदछ जसले स्थानप्रतिको हाम्रो धारणा निर्माण गर्दछ' (वेस्टफल, २०११, पृ ३५)। वेस्टफल अनुसार एउटा स्थानप्रतिको अवधारणा मानिसको व्यक्तिगत अनुभवसँग सम्बन्धित हुँदछ जुन सांस्कृतिक, सामाजिक, राजनैतिक, प्राकृतिक अनुकूल/प्रतिकूल परिस्थितिहरूबाट प्रभावित हुँदछ। यसरी विभिन्न कारणहरूले प्रभावित पात्र पात्राहरू भौतिक सीमा नाघेर एक ठाउँदेखि अर्को ठाँउ पलायन हुँदछ। यसरी पलायन हुँदा ती पात्र पात्राहरूले भौगोलिक, प्राकृतिक वा कुनै व्यवस्थाद्वारा स्थापित भौतिक सीमा नाघ्ने काम गर्दछ। त्यही सीमा नाघ्ने कार्य नै भौतिक सीमोल्लङ्घन हो। भौतिक सीमोल्लङ्घनका कारण उनीहरूमा आउने विचलनले मूल स्थान र प्रवासित स्थानप्रतिको मोह, घृणा, आश्चर्य, प्रकृति, भू-संरचना जस्ता विभिन्न घटकहरूले पुन: स्थानको अवधारणा निर्माण गर्न सहयोग पुऱ्याउँदछ। नेपाली साहित्यमा कृष्ण धरावासी'को **शरणार्थी,** विक्रमवीर थापाको **टिस्टादेखि सतलजसम्म,** लैनसिंह बाङ्गदेलको **मुलुक बाहिर,** असित राईको **नयाँ क्षितिजको खोज,** भगिरथ रावतको **बास सल्किरहेछ** जस्ता उपन्यासहरूमा स्थान के हो र कसरी स्थानसँग मानवको सम्बन्ध विकास हुँदछ अनि भौतिक सीमोल्लङ्घन कसरी हुँदछ भन्ने कुराको उत्कृष्ट उदाहरण पाइछ। यस अतिरिक्त कृष्ण धरावासीको **शरणार्थी** उपन्यासमा भेट भएका इन्द्रबहादुर राई उनको कथा 'जयमाया आफुमात्र लेखापानी आइपुगी'का पात्र जयमाया र जयबहादुर, शिवकुमार राईको **डाकबङ्गला** उपन्यासको पात्र चन्द्रप्रकाश, बार्थ र वीरे, लीलबहादुर छत्री र उनको उपन्यास **ब्रह्मपुत्रका छेउछाउ**का पात्र गुमाने, प्रकाश कोविदको उपन्यास **नोयो**का पात्र आदिले भौतिक सीमोल्लङ्घन गर्नाका साथै एउटा कथा, उपन्यासको पात्र अर्को उपन्यासमा त्यहाँको पात्रसँग भेट भएका प्रसङ्ग र पात्रहरूले लेखकसँग गरेका संवादलाई पनि इतिवृत्तात्मक सीमोल्लङ्घनकै उदाहरण मान्न सकिन्छ। (धरावासी, वि सं २०६७)

चलचित्रको क्षेत्रमा इ सं २०१२ मा सिक्किमबाट निर्मित, प्रशान्त रसाईलीद्वारा निर्देशित नेपाली चलचित्र **कथा**मा सौगात मल्ल र उषा रजक मूल पात्रका रूपमा प्रस्तुत भएका छन्। सौगात मल्ल र उषा रजक अभिनित यस चलचित्रमा परम्परागत चलचित्र विपरीत भकभकाउँदै बोल्ने, मुख नलाग्ने जस्ता भिन्न क्षमता सम्पन्न पात्रहरू मूल पात्रका भूमिकामा छन्। समाजद्वारा दिइने संज्ञा लाटा लाटी नायक नायिकाको भूमिकामा प्रस्तुत गरिँदा अझ यस चलचित्रले परम्परागत नायक नायिकाको अवधारणा र संवाद सम्प्रेषण विपरीत नौलो प्रस्तुति दिएको पाइन्छ। यसलाई इतिवृत्तात्मक सीमोल्लङ्घनको उदाहरण मान्न सकिन्छ।

### डिजिटल वा भर्चुअल सीमोल्लङ्घन

'डिजिटल वा भर्चुअल मानचित्राङ्कनले शोधार्थीहरूलाई मुद्रित पृष्ठहरूका सीमाभन्दा परसम्म दृष्टिगोचर गर्ने मार्ग प्रशस्त गर्दछ (Tally, 2017)। उल्लिखित **कथा** चलचित्रको मुख्य उद्देश्य ती भिन्न क्षमता सम्पन्न पात्रहरूका प्रेम

सम्बन्ध प्रस्तुत गर्नु रहेको देखिन्छ। छायाङ्कन गर्ने क्रममा देखाइएका घर र घरका केही अवशेषहरूले उपनिवेशित भारत, सिल्क रुट (प्राचीन एशियाली व्यावसायिक मार्ग), इ सं १९०३-१९०४ को अङ्ग्रेज-तिब्बत युद्ध आदिको इतिहासलाई प्रतिनिधित्व गरेको छ। चलचित्रमा प्रदर्शित जोगी, लुङ्ता, हिमालय पर्वत्, मौसम आदिले त्यहाँको भौगोलिक अवस्थान, धार्मिक, सांस्कृतिक, विश्वास, रहन सहन आदिले त्यहाँको स्थानिक अवकाश प्रस्तुत गर्न सक्षम बनेको छ। बर्ट्रान्ड वेस्टफल लेख्छन्- सीमोल्लङ्घन सधैँ ऐच्छिक र जानेर बुझेर गरिएको कानुन वा मर्यादाको उल्लङ्घन नै हुन्छ भन्ने पनि होइन। यो गतिशील प्रक्रिया भएको हुनाले कालस्थानिक परिस्थितिसँग सम्बन्धित हुँदछ। इ सं २०१२ मा निर्मित उल्लिखित 'कथा' चलचित्रको मूल अभीष्ट भिन्न क्षमता सम्पन्न पात्रको प्रेम सम्बन्ध प्रस्तुत गर्नु रहेको छ, तथापि गौण रूपमा प्रस्तुत चलचित्रले सिक्किमको ग्नाथाङ क्षेत्रको तत्कालीन भौगोलिक, सांस्कृतिक, राजनैतिक, धार्मिक, सामाजिक परिवेश तथा इ सं १९०३-०४ मा कर्नेल फ्रान्सिस यङहस्बेन्ड र बिग्रेडियर जेम्स मेकडोनाल्डका अगुवाइमा अङ्ग्रेज सेनाले तिब्बतमाथि हमला गरेको ऐतिहासिक सन्दर्भ आदि उजागर गरेको छ। यसलाई कालस्थानिक सीमोल्लङ्घन मान्न सकिन्छ। मार्टिन हाइडेगर लेख्छन् 'यहाँ र अहिले' भन्ने धारणा सधैँ अस्थायी प्रवाहसँग बाँधिएको हुन्छ।' (हाइडेगर, २००१, पृ २७) इ सं २०१२ मा लोकार्पित उक्त चलचित्रले वहन गरेका ती अवकाश भविष्यमा पनि दोहोरिरहन्छ। चलचित्रको प्राक्कल्पना गरिँदा, बनिएर लोकार्पण हुँदा, दर्शकले हेर्दा र आज यहाँ चर्चा गरिँदा र भविष्यमा जब जब पनि सन्दर्भमा आउँदाको समय 'यहाँ र अहिले' नै हुन्छ। यो डिजिटल वा भर्चुअल सीमोल्लङ्घनको अवकाश हो।

### भौतिक सीमोल्लङ्घन

कुनै गाँउ, जिल्ला, राज्य वा देशको व्यवस्था तन्त्रद्वार स्थापित भौगोलिक साँध सिमाना नाघेर गरिने कार्य जस्तै यात्रा, बसाइँ सराइ, विस्थापन आदिलाई भौतिक सीमोल्लङ्घन भनिएको पाइन्छ। बर्ट्रान्ड वेस्टफल भन्छन्- 'सीमोल्लङ्घन गति र अभिप्रायसँग जोडिएको एउटा प्रक्रिया हो (वेस्टफल, २०११, पृ ६)। साहित्यमा प्रयुक्त पात्रहरू सांस्कृतिक, सामाजिक, राजनैतिक , प्राकृतिक जस्ता विभिन्न शक्तिहरूको अनुकूल/प्रतिकूल प्रभावले प्रभावित हुन्छन्। यस परिस्थितिमा पात्रहरू कुनै पनि देश, राज्य, वा प्रान्त कुनै राजनैतिक शक्ति, प्रशासनिक व्यवस्था, समाज आदिद्वारा स्थापित मान- मर्यादा, भू-राजनैतिक सीमा व्यवस्था आदिलाई चुनौती दिँदै विभिन्न अभिप्रायले एउटा स्थानदेखि अर्को स्थानमा बसाइँ सरेर बस्ने काम गर्छन्। यस प्रकारको सीमोल्लङ्घनलाई भौगोलिक सीमोल्लङ्घन भनिन्छ। असित राईको **नयाँ क्षितिजको खोज**, लैनसिंह बाङ्गदेलको **मुलुक बाहिर**, रूपनारायण सिंहको **भ्रमर**, शिवकुमार राईको **डाकबङ्गला,** लीलबहादुर क्षत्रीको **ब्रह्मपुत्रको छेउछाउ, बसाइँ**, विक्रमबीर थापाको **टिस्टादेखि सतलजसम्म**, कृष्ण धरावासीको **शरणार्थी** आदि उपन्यासहरूमा स्थायी अनि अस्थायी भौगोलिक सीमोल्लङ्घनका उदाहरणहरू पाइन्छन्। उल्लिखित उपन्यासहरूमा नेपाल, भारत, बर्मा, भुटान अनि तत्कालीन सिक्किम राष्ट्रका भौगोलिक, राजनैतिक सीमोल्लङ्घन भएको तथ्यहरू पाइन्छन्।

### समाज/सांस्कृतिक सीमोल्लङ्घन

थर्ड स्पेसमा एडवर्ड सोजा लेख्छन् सामाजिक अवकाश समाजद्वारा गरिएका अवकाशीय क्रियाकलाप, प्रतिनिधित्व अनि बाँचेका तथा भोगेका अनुभवहरूद्वारा उत्पादन हुँदछ। समाजद्वारा गरिने अवकाशीय क्रियाकलाप भन्नाले मानिसद्वारा गरिने दैनिक कर्म वा बिहान उठेदेखि भोलि बिहान उठेसम्म गरिने साना ठुला क्रियाकलाप, साप्ताहिक, अर्धमासिक, मासिक तथा वार्षिक आदिको अन्तरालमा गरिने सांस्कृतिक, धार्मिक, ऐतिहासिक, राजनैतिक जस्ता यावत् कार्यहरू सबै नै अवकाशीय क्रियाकलापहरू हुन्। यस्ता क्रियाकलापहरूले उक्त स्थानको सामाजिक, भौगोलिक, धार्मिक, राजनैतिक, प्रशासनिक, प्राकृतिक आदि मूल्य मान्यता तथा सीमाहरू स्थापित गरेका हुन्छन्। त्यही विषयहरूले नै उक्त स्थानको मूल विशेषता वहन गर्दछ अनि त्यसैले उक्त स्थानको पहिचानको प्रतिनिधित्व

पनि गर्दछ। समाज तथा परम्पराद्वारा निर्मित जाति, वर्ग, लैङ्गिकता, यौवनिकता, विश्वास, आस्था जस्ता सीमा नाघ्ने कार्य समाज तथा सांस्कृतिक सीमोल्लङ्घन अन्तर्गत पर्दछ। यस्ता प्रकारका सीमोल्लङ्घन नारी समस्यापरक अनि लैङ्गिक विषयपरक जस्ता साहित्यमा स्पष्ट रूपमा पाउन सकिन्छ। यस्ता साहित्यहरूमा पात्रहरू स्थानीय प्रथा, परम्परा आदि तोडेर पहिचान तथा अस्तित्वको दावी गर्दै सत्तासीन परम्पराको विरुद्ध उभिन्छन्। यसको उदाहरणका निम्ति विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू **तीन घुम्ती**मा इन्द्रमायाको रमेशसँगको सम्बन्ध, **सुम्निमा**मा सोमदत्तको चरित्र, प्रदीप गुरुङको **विरिमफूल कथा**मा विरिमफूल र सोमराको सम्बन्ध आदिलाई लिन सकिन्छ।

**कालस्थानिक सीमोल्लङ्घन**

हेनरी लेफेब्रे भन्छन्- अवकाश ऐतिहासिक पद्धति अनि अस्थायी परिवर्तनहरूका माध्यमले सामाजिक रूपमा निर्माण हुँदछ। भौगोलिक समालोचनामा अवकाशलाई रित्तो भाँडो र समयलाई प्रगति गर्नै पर्ने बाध्यताले बाँधिएका तत्व मान्छन्। समयले गर्ने प्रगति भनेको समाजको सक्रियता हो। समाज तथा व्यवस्थाद्वारा निर्मित, विनिर्मित सबै मूर्त अमूर्त विषय वस्तुको आफ्नो आफ्नै अवकाश निर्माण हुँदछ। कालस्थानिक सीमोल्लङ्घनले पूर्वदीप्ती, कालभ्रम जस्ता शैलीद्वारा भूत, वर्तमान र भविष्यको सम्मिश्रण गर्दै समयको रैखिक गति विपरीत कार्य गर्दछ। उक्त स्थान वा अवकाशको स्थिर तथा निश्चित पहिचानसँग सम्बन्धित स्मृति, इतिहास तथा जिज्ञासा आदिको पुन: अन्वेषण गर्दै अस्थिर र तरल गतिशील कालस्थानिक पहिचान प्रस्तुत गर्दछ। उदाहरणका निम्ति इन्द्र सुन्दासको 'रानीखोला' कथालाई लिन सकिन्छ। उक्त कथामा विनयकिशोर र बन्दनालाई वयोवृद्ध बाबाजीले श्रीमान् र सुखमायाको दुखान्त प्रेम कथा सुनाएको पाइन्छ। यसरी बितेका समयको कथा सुनाउँदा पूर्वदीप्ति शैलीको प्रयोग भएको पाइन्छ। यसका साथै यहाँ वर्तमान समयमा तिब्बतसँग अङ्ग्रेजको युद्ध भएको भूतकालको प्रसङ्ग पनि आएको पाइन्छ (सुन्दास, इ सं १९६७)। यसैले यहा कालस्थानिक सीमोल्लङ्घन भएको छ। सुरज धड्कनको 'भूतको रङ' कथामा पनि यस्तै कालस्थानिक प्रसङ्ग आएको पाइन्छ। उक्त कथामा कथाको म पात्र सूरज बैदारी कामले गर्दा बस्नु परेको ठाउँमा रातभरि डेरावरिपरि घुमेर भूतले तर्साए पछि निस्किएका प्रसङ्गले इ सं १९८६ को गोर्खाल्यान्ड आन्दोलनको घटना उद्घाटन गरेको छ। यस कथामा उल्लिखित आन्दोलनको प्रसङ्ग र पराभौतिक क्रियाकलापहरूले कालस्थानिक सीमोल्लङ्घन गरेको पाइन्छ (धड्कन, इ स २०१६)। यी दुवै कथाहरूमा पूर्वदीप्ति शैलीको प्रयोग गरेर समयको रेखीय गति विपरीत बितेका समयको घटनालाई वर्तमान समयमा प्रस्तुत गरेको छ। भौतिक संसारको घटनाक्रम हत्या, आत्महत्यासँगै भूतप्रेत, पुनर्जन्म जस्ता पराभौतिक क्रियाकलापले कालस्थानिक सीमोल्लङ्घन गरेको छ। यस प्रकारको सीमोल्लङ्घन चलचित्रमा धेरै प्रयोग गरिएको पाइन्छ। उल्लिखित **कथा** चलचित्र पनि पूर्वदीप्ति शैलीमा नै आरम्भ गरिएको छ। चलचित्र छायाङ्कन गरिएको स्थान सिक्किम राज्यको ग्नाथाङ भेल्ली हो। चलचित्रको मुख्य उद्देश्य भिन्न क्षमता सम्पन्न पात्रहरू कान्छा र कान्छीको प्रेम सम्बन्ध प्रस्तुत गर्नु रहेको देखिए तापनि त्यस स्थानमा निर्मित संरचनाहरूले अप्रत्याशित रूपमा कालस्थानिक सीमोल्लङ्घन गरेको छ। चलचित्रमा देखिएका अवशेषहरूले इ सं १८८८ को २२ मईदेखि अङ्ग्रेज-तिब्बत माझ भएको युद्धलाई पुन: स्मरणमा ल्याएको छ। 'मानचित्र अनि डिजिटल प्रस्तुतिले नयाँ अवकाशीय काल्पनिकता सिर्जना गर्दछ जसले भौतिक अनि इतिवृत्तात्मक भूगोलमाझको सीमा धमिल्याउँदछ' (वेस्टफल, २०११, पृ ३६)।आजको समयमा विभिन्न कार्यक्रम, मनोरञ्जन, खेलकुद, खबर समाचार आदि सबै प्रसारण हुन्छन्। टेलिभिजन, मोबाइल फोन आदिको माध्यमबाट व्यक्तिगत सुविधाअनुसार जहाँ र जहिले पनि हेर्न सकिन्छ। संसारको एउटा कुनामा भएको कार्यक्रम पनि प्रत्यक्ष प्रसारण (लाइभ टेलिकास्ट) को माध्यमबाट यथार्थ समय भन्दा अधिकतम १५ देखि ४५ सेकेन्ड्ससम्म ढिला गरेर भएपनि संसारको हजारौँ माइल टाढा अर्को कुनासम्म पुग्दछन्। त्यस बिचमा कुनै कुनै घटना प्रत्यक्ष प्रसारणको क्रममा नै पुन: प्रसारण वा दोहोरो देखाइन्छ। आजको कार्यक्रम केही दिन, महिना वा वर्षौंपछि पनि हेर्न सकिन्छ। यस अतिरिक्त हावा, नदीको

पानी, मानव मन, विचार, घटना, मोबाइल फोनमा पाइने विश्वको मानचित्र, बाटो-घाटो आदि सबै नै कालस्थानिक सीमोल्लङ्घनका उदाहरणहरू हुन्।

## ३ निष्कर्ष

भौगोलिक समालोचना नवीनतम साहित्यिक अध्ययन पद्धति हो। भौगोलिक समालोचनाका तीनवटा प्रमुख आधारमध्ये सीमोल्लङ्घन एउटा व्यापक विश्लेषणात्मक आधार हो। यसले साहित्यमा प्रयुक्त स्थान वा अवकाशको परीक्षण तथा मूल्याङ्कन गर्दछ। यसले सीमा उल्लङ्घन गर्ने अभिप्राय, सीमान्त राजनीति, काल्पनिक पुनर्चित्राङ्कन अनि पारिस्थितिक उल्लङ्घन आदिको विश्लेषणात्मक अध्ययन गर्दछ। यस अध्ययनको मुख्य केन्द्र स्थान वा अवकाशको कालस्थानिक प्रवृत्ति हो। यसले साहित्यमा प्रयुक्त यथार्थ वा काल्पनिक स्थान वा अवकाशको समय सान्दर्भिक विश्लेषण गर्दछ। साहित्यमा प्रयुक्त यथार्थ वा काल्पनिक स्थान र त्यसले वहन गरेको अवकाशले इतिवृत्तमा पारेको प्रभावको अध्ययन गर्दछ। यस अध्ययनले साहित्यको माध्यमद्वारा सम्बन्धित स्थानको भाषा, संस्कृति, राजनीति, धर्म, अर्थ, समाज, जाति, वर्ग अनि भूगोल साथै मानवसँग सम्बन्धित यावत् विषयहरूको अवकाशीय अध्ययन गर्दछ। भौगोलिक समालोचनामा सीमोल्लङ्घन एउटा वर्णनात्मक पद्धति मात्र भएर अवकाशीय अध्ययन पद्धतिको आधारभूत सिद्धान्त हो। यसले भूगोल, समाज, व्यवस्था वा संस्कृतिद्वारा स्थापित सीमा उल्लङ्घन गरेर वा विस्थापन गरेर अवकाशको तरल, बहुअर्थी अनि चुनौतीपूर्ण प्रकृतिको उजागर गर्दछ। सीमोल्लङ्घनले आफ्नो इतिवृत्तात्मक, भौतिक, समाज-सांस्कृतिक, डिजिटल अनि कालस्थानिक स्वरूपद्वारा साहित्यलाई प्रभुत्वशाली विचारधारलाई चुनौती दिने, अवकाशीय सम्बन्धहरूमा पुनर्कल्पना गर्ने र बहु अर्थ उत्पादन गर्न सक्ने क्षमता प्रदान गर्दछ। पारम्परिक साहित्यिक विश्लेषण विधि विपरीत सीमोमल्लङ्घनले अन्तर्विषयपरक, बहुआयामिक तथा खुल्ला तथा व्यापक विश्लेषण वा मूल्याङ्कन विधिको कार्यान्वयन गर्दछ। यस अवधारणाले साहित्य अध्ययन-लेखन, मानव भूगोल, सांस्कृतिक भूगोल तथा भूगोलको आञ्चलिक अध्ययन परम्परामा नौलो अध्ययन परम्पराको मार्ग प्रशस्त गर्दछ।

### सन्दर्भ


१ अधिकारी हेमाङ्गराज र अन्य (सम्पा), इ सं २०१३, **प्रयोगात्मक नेपाली शब्दकोश**, द्वितीय संस्करण, काठमाडौँ, विद्यार्थी प्रकाशन प्रा लि

२ अधिकारी गङ्गाप्रसाद, ११ अगस्ट २०१७, 'वैकुण्ठ एक्सप्रेस नाटकमा स्वैरकल्पना', समकालीन साहित्य, https://www.samakalinsahitya.com/sahitya/details/6143

३ धड्कन सुरज, इ सं २०१६, **भूतको रङ**, खरसाङ, ज्ञानकुञ्ज बुक्स

४ धरावासी कृष्ण, वि सं २०६७, **शरणार्थी**, चौथो संस्करण, ललितपूर, साझा प्रकाशन

५ पराजुली कृष्णप्रसाद (सम्पा), वि सं २०७२, **नेपाली बृहत् शब्दकोश**, नवौँ संस्करण, काठमाडौँ, नेपाल प्रज्ञा प्रतिष्ठान

६ सुन्दास इन्द्र, इ सं १९६७, **रानीखोला,** प्रथम संस्करण, दार्जिलिङ, नेपाली ग्रन्थ प्रकाशन

७ Barthes Roland, 1977, **Image Music Tet**, London, Fontana Press

८ Dikshit, R D, 1998, 'The Regional Concept and Regional Geography', Geographical Thought, A Contextual History of Ideas, Delhi, Prentice Hall of India,

९ Genette G, 1980, **Narrative Discourse, An essay in method**, New York, Cornell University Press

१० Heidegger Martin, 2001, **Being and Time**. UK, Blackwell Publishers Ltd.

११ Hones Sheila, 2012, **Literary Geography**, New York, Routledge Publication

१२ Lohani Shreedhar Prasad and Rameshwar Prasad Adhikary (Ed.) 2012, **Ekta Concise English- Nepali Dictionary,** Siliguri: Ekta book house Pvt. Ltd.

१३ Öner Murat and Mustafa Bal, December 2015, 'culture and literary translation', **Journal of Literature, Culture and Literary Translation,** Vol. 6, No. 1, DOI- 10.15291/sic/1.6.lc.3. doi:doi: 10.15291/sic/1.6.lc.3

१४ Prieto Eric, 2021, **Literature, Geography and the Postmodern Poetics of Place**, New York, Palgrave Macmillan

१५ Tally Robert, 2017, **The Routledge Handbook of Literature and Space**, New York, Routledge

१६ Tally Robert jr, (Translate), 2011, **Geocriticism Real And Fictional Spaces**, New York, Palgrave Macmillan

१७ Westphal Bertrand, 2013, **The Plausible World: A Geocritical Approach to Space, Place, and Maps**, New York, Palgrave Macmillan